'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १२४ | सोमवार १५ पुष, २०८१ | 30 (Monday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०/-

## परराष्ट्र मन्त्री राणाद्वारा शिलान्यास
# कैलालीको चिसापानीमा जालपादेवी केबलकार निर्माण हुने

नमस्ते समचारदाता
कैलाली, पुष/१४



कैलाली जिल्लाको कर्णाली चिसापानीमा निर्माण हुने जालपादेवी केबलकारको शनिबार शिलान्यास भएको छ । परराष्ट्र मन्त्री डा. आरजु राणा देउवाले लम्की चुहाँ नगरपालिका वडा नं. ३ स्थित कर्णाली चिसापानीमा ३.१ किलोमिटर लामो केबलकारको लागि आयोजित एक विशेष कार्यक्रम बिच शिलान्यास गरेकी हुन् । शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै परराष्ट्र मन्त्री डा. देउवाले जालपादेवी केबलकारको निर्माणले समग्र सुदूरपश्चिम प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा उल्लेख्य भूमिका खेल्ने बताइन् । उनले भनिन्, 'सुदूरपश्चिम पर्यटन, संस्कृति, परम्परा र जैविक विविधतामा धनी छ । प्राकृतिक स्रोत एवं सम्पदाहरूले यो भूगोल जति सम्पन्न छ त्यति नै यहाँका नागरिकमा सांस्कृतिक एकता र सद्भाव पनि छ । यसकारण मुलुकको सुदूरपश्चिम क्षेत्रका समुदायहरू विकासप्रेमी पनि छन् । हाम्रो सुदूरपश्चिम प्रदेशमा बन्ने यस केबलकार, होटल सहितको भव्य पर्यटकीय पूर्वाधारले सुदूरपश्चिम र मुलुककै समृद्धिका लागि पनि धेरै ठूलो उपलब्धि हुनेछ ।' वन तथा वातावरण मन्त्री ऐन बहादुर शाहीले अब निर्माण हुने केबलकार तथा अन्य पूर्वाधारले सुदूरपश्चिम प्रदेशको विकासमा उल्लेखनीय भूमिका खेल्ने बताए । उनले नेपालको पश्चिम भेगमा भौतिक विकासका पूर्वाधार कम रहेको बताउँदै यस्ता पूर्वाधार विकासमा थप लगानी भित्र्याउन निजी क्षेत्रलाई आग्रह समेत गरे । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले सुदूरपश्चिम प्रदेशको प्रवेशद्वार यस कर्णाली चिसापानीमा निर्माण हुने यस केबलकार र रिसोर्टले साहसिक, धार्मिक र मनोरञ्जन पर्यटनलाई बढवा दिने बताए । उनले सुदूरपश्चिम प्रदेशमा आउने लगानी र विकासका आयोजनाहरूलाई हर सम्भव सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताउँदै बढी भन्दा बढी मात्रामा लगानी आकर्षित गर्ने काममा लाग्न लगानीकर्ताहरूलाई आग्रह पनि गरे । जालपादेवी केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटनले मात्र नेपालको आर्थिक, सांस्कृतिक र सामाजिक मुलुकको कायापलट गर्न सम्भव रहेका बताए । उनले भने, "पर्यटन पूर्वाधारमा लगानी गरे मात्र लक्ष्यअनुसार पर्यटक भित्र्याउन सकिन्छ । पर्यटकको बसाई लम्बाउन सकिन्छ । थप विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । थप रोजगारी सिर्जना गर्न सकिन्छ । थप राजश्व उठाउन सकिन्छ, र हामीले अपेक्षा गरेको आर्थिक विकास र समृद्धि हासिल गर्न सकिन्छ ।" लम्की चुहाँ नगरपालिका वडा नं. ३ को चिसापानीदेखि मोहन्याल गाउँपालिका वडा नं ७ राजकाँडा सम्म पुग्ने ३.१ किलोमिटर लामो केबलकारमा ३४ वटा गोन्डोला हुनेछन् । कूल पाँच अर्ब रुपैयाँ लगानी हुने केबलकारको बटम स्टेसनमा केबलकार, होटल, क्यासिनो, ब्याक्वेट हल निर्माण हुनेछन् भने टप स्टेसनमा रिसोर्ट, मन्दिर, स्काई वक, वकिङ ट्रेल, रेस्टुरेन्ट तथा चिल्ड्रेन पार्कसहित अन्य पर्यटकीय तथा मनोरञ्जनात्मक पूर्वाधारहरु निर्माण हुनेछन् ।

# सीमामा छोटी भन्सार चाँडै स्थापना हुने : परराष्ट्रमन्त्री राणा

नमस्ते समचारदाता
बर्दिया, पुष/१४



परराष्ट्रमन्त्री डा.आरजु राणाले सीमावर्ती नाकामा छोटी भन्सार कार्यालय स्थापनाका लागि पहल गरिने प्रतिबद्धता जनाएकी छन् । कैलालीबाट फर्किने क्रममा आइतबार बर्दियाको ठाकुरबाबा नगरपालिकामा पुगेकी उनले पत्रकारहरुको जिज्ञासामा यस्तो बताएकी हुन् । उनले बर्दिया लगायत भारतीय सीमासँग जोडिएको जिल्लाका नाकाहरुमा देखिएका समस्याहरु समाधान हुने बताइन् । डा. राणा सँग ठाकुरबाबा र मधुवन नगरपालिकाका प्रमुख र जनप्रतिनिधिले राखेको प्रश्नको जवाफ दिँदै सीमावर्ती क्षेत्रको समस्या चाँडै समाधान हुने जानकारी गराइन् । उनले नाकामा छोटी भन्सारहरु खुलाउने विषयमा जनप्रतिनिधिहरुले महत्वपूर्ण विषय उठाएको जानकारी दिँदै यसका लागि पहल गर्ने प्रतिबद्धता जनाइन् । मन्त्री राणाले बर्दियाको भुरीगाउँ, तेलपानी हुँदै सुर्खेत सडक निर्माणको आयोजनाबारे राखिएको जिज्ञासामा बोल्दै मन्त्री राणाले विकास निर्माणका यस्ता योजनाका लागि ठुलो रकम आवश्यक पर्ने देखिएको र सरकारसँग बजेट थोरै रहेकाले समय लाग्ने गरेको बताइन् । विश्व बैंक र एशियाली विकास बैंकका विकास आयोजनाहरु बर्दिया ल्याउन आफूले पहल गर्ने उनको भनाइ थियो । सो अवसरमा मानव वन्यजन्तु बिचको द्वन्द्व न्यूनीकरणका लागि जङ्गल किनारमा हात्ती छेकबार पर्खाल निर्माणका लागि थप बजेट बढाउनुपर्ने, पूर्व पश्चिम राजमार्गमा पर्ने बर्दिया राष्ट्रिय निकुञ्ज भित्रको राजमार्गमा आकाशेपुल बनाउनुपर्ने, विश्व बैंक र एसियाली विकास बैंकका विकासका योजनाहरु ठाकुरबाबा र मधुवन नगरपालिका सहित बर्दिया जिल्लाका अन्य पालिकामा लागू गराउन पनि मन्त्री राणासँग आग्रह गरिएको थियो ।

# गुणस्तर परीक्षण प्रयोगशाला स्थापना हुँदै

नमस्ते समचारदाता
सुर्खेत, पुष/१४

कर्णालीका नौ जिल्लामा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना हुने भएका छन् । चालु आर्थिक वर्षभित्रमा ती जिल्लामा प्रयोगशाला स्थापना गरिने भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सूचना अधिकारी प्रविण कार्कीले बताए । प्रयोगशाला सञ्चालन गर्न नौ जना प्रयोगशाला प्राविधिकको दरबन्दी सृजना गरेर प्रक्रिया प्रारम्भ भएको उनले जानकारी दिए । प्रदेश राजधानी सुर्खेतमा आर्थिक वर्ष २०७९/०८० मा प्रयोगशाला स्थापना भइसकेको छ । हाल उक्त प्रयोगशालाले कर्णालीका सबै जिल्लाको काम गर्दै आएको छ । वार्षिक रु २० लाख आम्दानी पनि भएको उनले बताए । प्रयोगशालामा बालुवा, सिमेन्ट, गिट्टी लगायत निर्माण सामग्रीको गुणस्तर परीक्षण हुनेछ । ढलान भएका संरचना, कालोपत्र गरिएका सडक, ढलान हुनुअघिको 'बेस' र 'सव-बेस'को 'डेन्सिटी' परीक्षण पनि हुनेछ ।

# झारपातले कुरूप बन्दै रारा ताल

नमस्ते समचारदाता
मुगु, पुष/१४



मुलुकको ठूलो र प्राकृतिक सौन्दर्यले भरिएको मुगुका राराताल पछिल्लो समय झारपातले कुरूप बन्दै गएको छ । तालको किनारमा बढ्दै गएको झारपातले पर्यावरणीय सन्तुलनमा असर पुऱ्याउनुका साथै तालको प्राकृतिक सुन्दरतामा पनि ह्रास आएको हो । तालको पानी र किनार दुवै क्षेत्रमा झारपात तीव्र रूपमा फैलिएको छ । यसले तालको जैविक विविधतामा असर पुऱ्याउनुका साथै तालको आकर्षण घटाएको छायाँनाथ रारा नगरपालिका-९ मुर्माका स्थानीय शिक्षक नन्दसिंह रोकायाले बताए । रोकायाले थपे । 'रारातालको मुख्य आकर्षण यसको निलो पानी र सफा वातावरण हो । पछिल्लो समय बढ्दै गएको झारपातले सुन्दरता हराउँदै गएकाले समयमा सफाइ गर्नुपर्छ ।' रोकायाले आफू सानै हुँदा ताल धेरै सफा देखिने गर्दथ्यो भन्दै आजभोलि अत्यधिक उर्मिएको झारपात र सरसफाइ नहुँदा ताल बिरूप देखिन थालेको बताए । जताततै खुला सफा देखिने ताल आजभोलि दुर्गन्धित र बिरूप देखिन थालेको स्थानीयहरु बताउँछन् । रारा राष्ट्रिय निकुञ्ज कार्यालयले झारपात नियन्त्रण गर्न केही पहल गरिरहेको भए पनि पर्याप्त साधन र स्रोतको अभावले समस्या भइरहेको जनाएको छ । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत महेश नौपानेले रारातालको पश्चिमतर्फ, निजार लगायत केही स्थानमा भएको झारपात सफा गरी ताललाई सुन्दर रूप दिने योजना बनाइएको भन्दै तत्काल उक्त योजना कार्यान्वयन हुने जानकारी दिए । रारातालेलाई दीर्घकालीन रूपमा संरक्षित गर्न योजनाबद्ध रूपमा झारपात नियन्त्रण, सरसफाइ अभियान र जैविक विविधताको संरक्षण गर्नुपर्ने विज्ञहरूको सुझाव छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## चिसो मौसमका समस्याहरु

यति बेला नेपालको हिमाली क्षेत्रमा हिमपात शुरु भएसँगै यो वर्षको चिसो तराई सम्म नै शुरु भइसकेको छ । यो बेलामा शरीरको तापक्रम अत्यधिक घट्दा हुने गम्भीर अवस्थाले चेतना हराउने वा मृत्यु हुनसक्ने, हातखुट्टाका औंलाहरू, कान वा नाकजस्ता अंगहरू जमेर क्षति हुने, घाँटी दुखाइ, रुघा, फ्लु र निमोनिया जस्ता रोगको संक्रमण बढ्ने, दम वा ब्रोंकाइटिस जस्ता श्वासप्रश्वास सम्बन्धी रोग भएका व्यक्तिलाई बढी समस्या हुने खतरा रहन्छ। त्यस्तै चिसोले शरीरलाई न्यानो राख्नका लागि रगत प्रवाह बढाउँदा हृदयमा थप तनाव बढेर रक्तचाप बढ्ने र हृदयघातको सम्भावना बढ्ने, चिसोले शरीरको प्रतिरोधात्मक क्षमता कमजोर पारेर संक्रमणको जोखिम बढ्ने, जोर्नी दुख्ने, मांसपेशी खुम्चिने वा ऐंठन हुने जस्ता थुप्रै मानव स्वास्थ्यसँग प्रतिकूल समस्या देखिन सक्छन्। चिसोले सबैलाई असर गर्ने भए पनि मूलतः विपन्न नागरिक, ज्येष्ठ नागरिक, बालबालिका र गर्भवती महिलाको स्वास्थ्यमा बढी समस्या आउन सक्छ। हरेक प्रकोपले पहिलो प्रहार गर्ने भनेको असक्तहरुलाई नै हो। शारीरिक रुपमा सहयोगापेक्षी समूहलाई मात्र होइन, आर्थिक रुपमा विपन्न वर्ग पनि प्रकोपको निसानामा हुन्छ किनभने सम्पन्न वर्गजस्तो यो वर्गले आफूलाई वातावरण अनुकूलित बनाउन सक्दैन । सम्पन्न वर्गले चिसो र गर्मीबाट बच्न एसी, हिटर, पंखा, न्यानो कपडा आदि पर्याप्त मात्रामा प्रयोग गरिरहेका हुन्छन् तर साँझ बिहानको हातमुख जोड्न धौ हुने विपन्न वर्गका लागि यी सुविधा कल्पना भन्दा बाहिरका विषय हुन् । त्यसैले चिसोबाट पर्ने असर व्यक्तिको सवाल मात्र नभएर समाज र राज्यकै सवाल हो। सम्पन्न वर्गले आफूलाई वातावरण अनुकूलित हुन सके पनि जुन वर्ग वा समूह आफैले प्राकृतिक प्रकोपसँग जुध्ने सामर्थ्य राख्दैनन्, उनीहरुका लागि राज्यले ध्यान दिनुपर्छ । चाँडा–चाँडो मौसम परिवर्तन भइरहने र यसबाट सबैभन्दा बढी प्रभावित हुने मुलुक भएको नाताले पनि नेपालले आफ्ना नागरिकलाई प्राकृतिक प्रकोपबाट बचाउन बढी नै ध्यान दिनुपर्ने आवश्यकता छ । तराईमा अझै शीतलहर शुरु भैसकेको छैन। त्यो समय आइरहेको छ। त्यसैले पनि सबै यो चिसो समयमा आफू सुरक्षीत रहने उपाय स्वयम आफैले अपनाउनु पर्छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४०२७६२०३, ९८६३६०८०५, ९८६२२६१९६५ goldengate2075@gmail.com

# कृषि, सहकारी र समाजवाद

वामदेव क्षेत्री घिमिरे

> सहकारीको डिजिटल रेकर्ड राख्ने र कारोबार व्याख्या गरी यसलाई नेपाल राष्ट्र बैङ्क मौद्रिक नीति अन्तर्गत सामूहिक रुपमा साना साना रकमको परिचालनबाट उत्पादनमा जोड्ने नीति निर्माण गर्ने सहकारी अनुगमन, व्यवस्थापन सञ्चालन र सहयोग गर्न आवश्यक छ ।



वामदेव क्षेत्री घिमिरे



सहकारी र कृषि एकअर्काका परिपूरक पनि हुन् र यिनी अन्तरसम्बन्धित पनि छन् । सहकारी संस्थानको स्वरूप किसानको बिचमा रहेको व्यावसायिक सङ्गठन हो । जसको स्वामित्व र नियन्त्रण किसानले (ग्राहक) स्वयम्ले गर्छन् । सङ्गठनको सञ्चालन सदस्यकै आवश्यकता र इच्छा प्रिपूर्तिका लागि गरिएको हुन्छ। सहकारी एउटा कानुनी संरचना पनि हो, जसको स्वामित्व तथा नियन्त्रण त्यसका सदस्यको समान अधिकार रहेको हुन्छ । सिद्धान्ततः यसले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यको प्रजातान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्त र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीबिच सहकार्य हो भने यसले आफ्ना मूल्यमान्यता पनि कायम राखेको छ, जस्तैः स्वसहयोग, स्वउत्तरदायी, प्रजातन्त्र, समानता, समता, ऐक्यबद्धता, अरूको हेरविचार, सामाजिक उत्तर दायित्व, खुलापन, इमानदारी आदि हुन्। राष्ट्र सङ्कका पूर्वमहासचिव वान की मुनले सहकारीप्रति आफ्नो दृष्टिकोण यसरी अभिव्यक्त गर्नुभएको छ, "आर्थिक सम्भाव्यता र सामाजिक उत्तरदायित्व दुवै एकै पटक प्राप्त गर्न सकिन्छ भन्ने अन्तर्राष्ट्रिय समुदायलाई बुझाउने काम सहकारीले गरेको छ।" उहाँको यो भनाइले पनि सहकारी आर्थिक, सामाजिक, सांस्कृतिक उत्थान र रूपान्तरणका लागि सहकार्य गर्दा आफ्नो समुदायको हित र उत्थान सहकारी संस्थाको माध्यमबाट हुन सक्छ भन्ने विषयमा ढुक्क रहन सकिन्छ । समान हैसियत भएका मानिस समान समस्या र चुनौतीको सामना गर्दै सहकारी आन्दोलनका मार्फत सफल भएको सहकारी आन्दोलन इतिहासले देखाएको छ । सहकारीको जन्म गाउँमा छरिएर रहेका किसानलाई माध्यम बनाएर २१ डिसेम्बर १८४४ मा बेलायतमा मेन्चेस्टर सहर र रोचडेल गाउँमा किसानको बिचमा स्थापित गर्ने र सहकारी नाम 'रोचडेल इक्विटेबल पाएनियर' को नामबाट स्थापित भएको थियो । नेपालमा सहकारीको औपचारिक रूप राणाकालदेखि नै पाइन्छ । हाम्रो समाजका केही वर्ग र सम्प्रदाय विशेषले गुठी, धर्म भकारी, माङ्खाखाल, पर्म र ढुकुटी जस्ता संस्था एकअर्कालाई सहयोग गर्ने मुख्यतः किसान समुदायबिच सञ्चालित थिए । अहिले पनि नेपाली समाजमा कुनै न कुनै नामबाट यस्ता संस्था सक्रिय भएको पाइन्छ । २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको थियो । सहकारीको उद्देश्य समाजमा छरिएर रहेको पुँजी, सिप, दक्षता, क्षमता, साहसलाई एकीकृत गरी किसानको हित र समाजको हितमा परिचालन गर्ने थियो । चीनको गणतन्त्रपछि त्यहाँको सहकारीको माध्यमबाट कृषिले फड्को मारेको उदाहरण छ । केही प्रतिनिधिमूलक उदाहरण हेरौँ- २००७ देखि विश्वले बेहोरिरहेको आर्थिक तथा वित्तीय सङ्कटले पनि सहकारी क्षेत्रलाई प्रतिकूल असर पार्नुको साटो सहकारी विधिबाट सञ्चालित उद्योग व्यवसायको सूचकाङ्क उत्साहप्रद रहनुले पनि यस क्षेत्रको महत्वको पुष्टि भएको छ । १९औं शताब्दीको औद्योगिक क्रान्तिले सिर्जना गरेको श्रम क्षेत्रका समस्या १९ औं शताब्दीको मध्यतिर कृषिमा आएको मन्दी र युरोपका ग्रामीण तथा सहरका गरिबी जनताको पीडा, १९३० को महान आर्थिक मन्दी र हालैका वर्षमा विश्वले सामना गरिरहेको वित्तीय तथा आर्थिक सङ्कटमा सहकारी विधिबाट व्यवसाय बढी प्रभावकारी दिगो र जनमैत्री भएको छ। सहकारीको अर्थ सह र कार्य मिलेर बनाइएको हो, यसमा सह शब्दको अर्थसँगै र कार्य शब्द काम हुन्छ । अङ्ग्रेजीमा 'कोअपरेटिभ' भनिन्छ। यसले के देखाउँछ भने एकआपसमा मिलेर काम गर्नु हो । आर्थिक एवं सामाजिक रूपमा समान आवश्यकता भएका व्यक्ति एकआपसमा सङ्गठित भएर सामूहिक रूपमा वस्तु तथा सेवाको व्यवसाय गर्ने सहकारिताको माध्यम अवलम्बन गरेको पाइन्छ। नेपालमा २० हजारभन्दा बढी सहकारी छन् तर केही मात्रामा उत्पादनसित जोडिएका छन् । बाँकी रकम सङ्कलन गर्ने र ब्याजमा वितरण गर्ने विकृतिको रूपमा पनि देखा परेका छन्। यिनको नियन्त्रण आवश्यक छ।

### सहकारी र उत्पादन

सहकारी नेपाली भूमिमा अभ्यास सामाजिक परम्परामा सीमित रहन गई लामो समयसम्म व्यावसायिक विधिको रूपमा प्रयोग हुन सकेन । हाम्रो जस्तो कृषि प्रधान देश भए पनि (घरेलु उद्योग समेत) उत्पादनका साधन असाध्यै सानो टुक्रामा बाँडिएको र प्रत्येक किसान र श्रमिकले उही काम दोहोऱ्याएर गर्नुपर्ने भएकाले हाम्रो श्रम र साधनको उचित उपयोग हुन सकिरहेको छैन । हामी आर्थिक हिसाबले असाध्यै गरिब र पिछडिएका छौं। त्यसैले उत्पादनशक्तिको विकासका निम्ति सबैले एक्लाएक्लै उत्पादन गर्नुभन्दा आपसमा मिलेर उत्पादन गर्नु बढी फाइदाजनक र उपयोगी हुने हुँदा सहकारीको थालनी गरिएको हो । मानिसहरू बिचमा छरिएर रहेको पुँजी, श्रम, सिप, क्षमता र बुद्धिलाई आपसी सहयोगबाट सम्बन्ध बनाएर प्राकृतिक उत्पादन प्रणालीलाई व्यवस्थापन गर्ने उद्देश्य हो । तैपनि सामान्य अर्थमा बुझ्ने सहकारी भनेको पुँजीवाद र समाजवादबिचको सङ्क्रमणकालीन श्रम, श्रम सम्बन्ध वा उत्पादन सम्बन्ध हो। त्यसैले सहकारी भन्ने बित्तिकै समाजवादी प्रणाली ठान्नु गलत हुन्छ । अहिलेको समाजमा आआफ्ना अलग अलग स्वामित्व कायम राखेर श्रमको आदानप्रदान गरी सामूहिक श्रम गरिन्छ । बढी भएको श्रमको ज्याला तिरिन्छ, तर उत्पादनको प्रतिफल भने जसको साधन वा पुँजी जति लगानी छ, त्यहीँ अनुसार हस्तान्तरण गरिन्छ । त्यसैले यो सारतः समाजवाद उन्मुख पुँजीवाद नै हो र उत्पादकत्व शक्तिको यथेष्ट मात्रामा विकास नभएसम्म सहकारिताको यो रूप नै अपनाउनु पर्ने छ। भोलि विकासको क्रममा व्यक्तिगत स्वामित्वलाई पनि सामूहिकीकरण गर्नुपर्ने हुन्छ र त्यो समाजवादतिर सङ्क्रमणको अभ्रै उच्चारण हुने छ।

### सहकारीका प्रकार

सहकारीका विविध प्रकारका हुन सक्छन् तर मुख्यतः तीन प्रकारका सहकारी हाम्रो सन्दर्भमा आवश्यक देखिन्छ। तिनीहरू हुन् उत्पादन, सहकारी, उपभोक्ता, वित्तीय सहकारी (बचत तथा ऋण परिचालन) अन्य सहकारी पेसाका रूपमा जातिको रूपमा भए पनि यसैका हाँगाबिँगा हुन्। प्रथमतः उत्पादन सहकारी भनेको कृषि र गैरकृषि (अथवा उद्योगबाट उत्पादन) हुन सक्छ। प्रारम्भिक रूपमा उत्पादन सहकारीका रूपहरू 'आपसी सहयोग समूह' का 'श्रम विनिमय टोली' (अथवा पर्दादल) आदि हुन् सक्छन् । किनभने वास्तविक अर्थको सहकारी प्रणालीको स्वामित्व आआफ्नै कायम भए पनि उत्पादनका साधन जमिन, पुँजी, श्रम, औजार आदि एकै ठाउँ जोडेर सामूहिक काम प्रयोग गरिन्छ। यसले अलि उच्च स्तरको व्यवस्थापन र चेतनाको माग हुँदा सुरुको चरणमा खेतीपाती, पशुपालन, साना उद्योग आदि सञ्चालन गर्न एकअर्कालाई सहयोग गर्ने 'सहयोग समूह' नै हो । यसरी श्रम साधन र पुँजीलाई आदानप्रदान गरेर उत्पादन गर्न सकिन्छ । जस्तै सिकर्मी, डकर्मी, फलफूल, तरकारी खेती गर्ने समूह, सिलाइ, कटाइ गर्ने महिला समूह आदि पर्छन्। पहिलो, एक्लाएक्लै श्रम गर्नुभन्दा मिलेर श्रम गर्दा क्षमता बढ्ने, श्रमको बचत हुने, कुनै विपत्ति पर्दा काम नरोकिने आदिलाई सहकारीमा बुझ्न र रूपान्तरण गर्न सकिन्छ । दोस्रो, टोल बस्तीमा आवश्यकपर्ने वस्तु (नुन, तेल, चिनी, दाल, मसला) सुलभ आपूर्ति गर्ने स्थानीय रूपमा उत्पादित वस्तु खाद्यान्न फलफूल तरकारी उचित मूल्यमा विक्री गर्ने बिचौलियाको अन्त्य गर्ने पद्धतिलाई उपभोक्ता सहकारी भन्न सकिन्छ । तेस्रो सहकारीका सदस्यबाट बचत रूपमा सङ्कलन भएको रकम किसानलाई आवश्यक कर्जाको व्यवस्थापन गर्ने, स्थानीय पुँजीलाई बचत तथा ऋणबाट परिचालन गर्ने र साना घरेलु तथा मझौला उद्योगमा लगानी गर्ने, आफ्नो इलाकालाई आत्मनिर्भर बनाउने नै (ऋण तथा बचत) वित्तीय सहकारी भन्न सकिन्छ। यिनी तीन वटै सहकारी उत्पादन गर्ने, उपभोक्तामा वितरण गर्ने, उत्पादन गर्नका लागि ऋण उपलब्ध गराउने हुँदा एकअर्कासित उत्पादन प्रणालीसित सम्बन्धित छ । सहकारी न्यून आय हुने गरिब जनताको बिचमा आपसी मित्रता घनिष्टता र सौहाद्रता कायम गर्दै सामाजिक आर्थिक सुरक्षाको प्रत्याभूति गर्छ । आफ्ना सदस्यलाई सुलभ मूल्यमा गुणस्तरीय वस्तुहरूको उपलब्धि गराउन मद्दत गर्नु, आफ्नो वस्तुको बजार स्थापना गर्नु, बिचौलियाबाट हुने शोषणको अन्त्य गरी न्यायपूर्ण र समतामूलक तथा स्वावलम्बी समाजको निर्माण गर्न यसले सहयोग गर्छ । नेपालमा सहकारीको सिद्धान्त र व्यवहारबिचको दुरीले सहकारीको भूमिका पर्याप्त मिलेको छैन । स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने उत्पादन र उत्पादकत्वको वृद्धि, रोजगारी सिर्जना, उत्पादन वस्तुको बजार व्यवस्थापन अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमार्फत रूपान्तरण, उत्पादनमा लगानी र प्रविधिको पहुँच वृद्धि गर्न सहकारीको संस्थागत विकास, उत्पादनमुखी र प्रतिस्पर्धी बनाउन पनि शुद्धीकरणको नीति अवलम्बन गर्न जरुरी छ। हामीले क्षेत्रगत रूपमा उत्पादनमुखी सहकारीको वर्गीकरण गरी व्यापक व्यवसायी बनाएर सहकारीको पुँजीको आधारमा संस्थागत गर्नु पर्छ । सहकारीको डिजिटल रिकर्ड राख्ने र कारोबार व्याख्या गरी यसलाई नेपाल राष्ट्र बैङ्क मौद्रिक नीति अन्तर्गत सामूहिक रूपमा साना साना रकमको परिचालनबाट उत्पादनमा जोड्ने नीति निर्माण गर्ने सहकारी अनुगमन, व्यवस्थापन सञ्चालन र सहयोग गर्न आवश्यक छ। सहकारीलाई प्रभावकारी संस्थाको रूपमा विकास गर्नको स्थानीय, प्रदेश र सङ्घीय सरकारले कृषि र सहकारी नीतिमा पुनरावलोकन गर्न आवश्यक देखिन्छ । सहकारी सामाजिक एकीकरण गर्ने व्यवसायसित जोड्ने माध्यम हो । आर्थिक क्रियाकलापमा गरिने यस्तो सहकार्यको संस्कृतिले समाजमा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक विभेदको अन्त्य गर्दै लैजाने सामर्थ्य राख्छ। दोस्रो विश्वयुद्ध पछि युरोपको समाजमा रहेको द्वन्द्व न्यूनीकरण गर्दै समाजलाई जोड्ने काम सहकारीले पुऱ्याएको योगदान सबैले अनुभूति र अध्ययनबाट सामाजिक एकीकरणमा योगदान पुगेको प्रशस्त उदाहरण भेटिन्छन् । लैङ्गिक, जातीय, वर्गीय, धार्मिक तथा अन्य कुनै पनि आधारमा हुने विभेदलाई सामाजिक सद्भावसहित अन्त्य गर्ने क्षमता सहकारीको विकास र विस्तारले सम्भव छ।

*-गोरखापत्र*

# विदेशबाट फर्किएर सुन्तला खेतीमा रमाउँदै किसान

■ नमस्ते समाचारदाता
सल्यान, पुष/१४



सल्यानको छत्रेश्वरी गाउँपालिका -५ चोरपानीका दिपेन्द्र प्रकाश कँवर २०५० सालअघि भारतमा मजदुरी गर्दथ्ये । भारतमा लटरम्म स्याउ फलेको देखेपछि उनले २०५१ सालमा घर फर्केर मकै, गहुँ रोप्ने बारीमा ५ सय ४६ बोट सुन्तला रोप्नुभयो । त्यतिबेला उनका बुवाले अन्नखाने बारीमा किन सुन्तला रोपेको भनेर आधाभन्दा बढी बोट उखेलेरै फालिदिएका थिए । तर पनि उनले आफ्ना अनुभव र सीपलाई प्रयोग गर्दै सुन्तला खेती जोगाउन छोडेनन् । विदेशी कृषिका अनुभव तथा नेपालको उपयुक्त मौसम र माटोको सही मिलनले केही वर्षमै उनले सुन्तला खेतीबाट आम्दानी लिन थाले । सुन्तला खेतीबाटै अघिल्लो वर्षमा रु १५ लाखबढी आम्दानी गरेको उहाँको भनाइ छउनले बताए । कँवरले भने, 'त्यो बेला रोपेका सबै सुन्तलाका बोट रहन्थे भने यो बेलामा मैले ३५ लाखबढी आम्दानी गर्थे तर पनि अहिले मसँग एक हजार बोट सुन्तला छन्, यो वर्ष २३ लाख आम्दानी हुन्छ भन्ने आँकलन गरेको छु, माघ १५ अघि मैले सुन्तला बेच्दिन, जब सबै क्षेत्रको सुन्तला सकिन्छ, अनि मात्रै मैले बेच्ने हो, चिसो ठाउँ भएकाले सुन्तला मध्यमाघसम्म पनि केही हुँदैन । सुन्तला बेचेरै छोरालाई इन्जिनिएर पढाएँ, पैसाका लागि काम खोज्दै हिड्नुपरेको छैन ।' कपुरकोट गाउँपालिका-४ खसटोलका युवराज रावत २०६० सालमा २० बोट सुन्तला रोपेर मलेसिया गए । राम्रो कमाइ गर्ने सपना देखेर विदेशिएका उनी लामो समय परदेशमा टिक्न सकेनन । आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोचेर घर फर्किर र १८ रोपनी जग्गामा ५ सय बोट सुन्तला थपे । सुन्तला खेतीले आम्दानी मात्रै नभई राम्रो ज्ञान पनि प्राप्त भएको उनी बताउँछन् । रावत भन्छन्, 'सुन्तलाको सम्भावना राम्रो छ, बजार नपाउला भन्ने छैन तर किसानमा जाँगर हुनुपर्छ, उत्पादन गर्न सक्नुपर्छ, बिक्री नभएर खेर फाल्नुपदैन ।' दीपेन्द्र र युवराज जस्तै चोरपानीका २७ वर्षीय शालिकराम कँवर साउदीबाट फर्केर सुन्तला खेतीमा व्यस्त छन् । दुई वर्ष परदेशमा दुःख व्यहोरेका उनले आफ्नै खेतबारीमा केही गर्नुपर्छ भन्ने सोचका साथ व्यावसायिक रुपमा ७ सय बोट सुन्तला खेती गर्दै आएका छन् । सुन्तला खेतीमा गरिएको मेहनत र लगानी बुढेशकालको पेन्सन जस्तै भएको उनको बुझाइ छ । 'बाबुबाजेले ऊ बेलादेखि नै सुन्तला खेती गर्दै आउनुभएको थियो, त्यो बेला घरमै खानका लागि थिए, अहिले आम्दानीका लागि गरिरहेका छौं'- उनले भने । 'म विदेशमा पनि बसेर आएको हुँ, परदेशमा कति दुःख हुन्छ भन्ने भोग्नेले मात्रै थाहा पाउँछ, अब त विदेश जान्न भन्ने अठोटले सुन्तला खेतीमा लागेको छु, वर्षमा ९/१० लाख रुपैयाँ त घर ैमा बसेर पनि कमाउन सकिन्छ, अहिले आम्दानी कम भए पनि भविष्यमा थप आम्दानी होस् भनेर सुन्तलाको बगैंचा विस्तार गरेको छु, साना थुप्रै बोट लगाएको छु' उनले सुनाए । 'परिवारले राम्रो साथ दिएको छ, अहिले मेहनत गरिरहेको छु, अहिले हुर्काएका सुन्तलाले मलाई भविष्यमा पेन्सन आएजस्तै वर्षेनि लाखौं आम्दानी दिन्छन् भन्ने आशा छ ।' गत आर्थिक वर्षमा देशभरबाट ७ लाख ४१ हजार जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए । विदेश जानेहरुको संख्या सरकारको योजना मुताबिक घट्न सकेको छैन । तर विदेशबाट फर्किएर खेतीपातीमा रमाइरहेका र प्रशस्तै आम्दानी गरिरहेकाहरु पनि गाउँमा भेटिन्छन् । वर्षौं विदेशमा बिताई आफ्नो जन्मभूमि फर्केर सुन्तला खेती थालेपछि उनीहरुले अहिले आम्दानी मात्रै गरेका छैनन्, भविष्यको लागि पेन्सन आउने ढोका पनि खोलेका छन् । सल्यानमा विदेशबाट फर्किएर सुन्तला खेती गर्ने किसानलाई तालिम, अनुदान लगायतमा प्राथमिकता दिने गरेको कृषि विकास कार्यालय सल्यानका प्रमुख महेश आचार्यले बताए । आचार्यले भने, 'सुन्तला बगैंचामा कृषक पाठशाला, नर्सरी स्रोतकेन्द्रमा सहयोग तथा बगैंचा सुदृढिकरण, बाँझो जमिनमा खेती विस्तार, चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम, नयाँ किसानको लागि लागतमा ५० प्रतिशत अनुदानमा सुन्तलाका विरुवा उपलब्ध गराउँदै आएका छौं ।' कार्यक्रम छनोट गर्दा विदेशबाट आएका तथा युवा कृषकलाई प्राथमिकता दिने गरेको उनको भनाइ छ । सल्यानका किसानले गत सिजनमा ७ हजार ४ सय ८० मेट्रिक टन सुन्तला उत्पादन गरी २९ करोड ३४ लाख रुपैयाँ आम्दानी गरेका छन् । यस वर्ष पनि जिल्लाको सुन्तला बिक्री गर्न थालिएको छ । यसवर्ष सल्यानमा ८ हजार ६ सय मेट्रिक टन सुन्तला बिक्रीबाट ३५ करोड ५५ लाख आम्दानी हुने अपेक्षा गरिएको छ ।

# मानव अधिकार र कानुन सम्बन्धी अन्तरक्रिया




■ नमस्ते समाचारदाता
नेपालगन्ज, पुष/१४

लुम्बिनी प्रदेशमा आन्तरिक मामिला तथा कानून मन्त्री आदेशकुमार अग्रवालले प्रदेशले कानून निर्माण गर्ने मात्र ठूलो कुरा नभई कानूनको कार्यान्वयन गर्ने कुरा ठूलो भएको बताएका छन् । आईतबार नेपालगञ्जमा इन्सेक लुम्विनी प्रदेश कार्यालयले लुम्विनी प्रदेश सभा सदस्यहरु र नागरिक समाजका ब्यक्तिहरुसंग 'मानव अधिकार रक्षक कानूनको औचित्यता र आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम'लाई सम्बोधन गर्दै मन्त्री अग्रवालले सो कुरा बताएका हुन । उनले प्रदेशले निर्माण गरेका ५४ वटा कानून मध्ये अत्यन्तै थोरै मात्र कार्यान्वयन गरिएको बताउदै मानव अधिकार रक्षक कानून ड्राफ्ट गरी यसै पटकको सदनमा लैजान आफु सकारात्मक भएको कुरामा जोड दिदै भने-' कानून निर्माण गर्नु मात्र ठूलो कुरा होईन अहिले हतारमा कानून बनाउने कार्यान्वयन गर्दा संशोधन गर्न आवश्यक देखिने समस्याबाट टाढै हुनुपर्छ ।' मन्त्री अग्रवालले प्रदेशले निर्माण गरेका कानूनहरु छलफल नै नगरी बहुमतको दम्भमा पारित गर्ने र कार्यान्वयनको बेलामा यो मिलेन यो बाझियो त्यो बाझियो भनेर संशोधनमा लैजाने गरिएको दुखेसो गरे । इन्सेक लुम्विनी प्रदेश संयोजक भोला महतले सहजिकरण गरेको सो कार्यक्रममा मानवअधिकार रक्षक कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनको लागि धनाकर्षण गराएका थिए । कार्यक्रममा प्रदेशका पूर्वमन्त्रीहरु भण्डारीलाल अहिर, रत्न खत्री, वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठ, प्रहलाद कार्की, अधिकार कर्मी प्रभातकुमार ठकुरी, पत्रकार महासंघ बाँकेका अध्यक्ष नविन गिरी लगायतले आ-आफ्नो सुभाव दिएका थिए ।

# ब्राउनसुगर सहित २ जना पक्राउ

■ नमस्ते समाचारदाता
बाँके, पुष/१४

बाँकेको नेपालगञ्ज ९ पिलानिपुरवा स्थित बाट लागुऔषध ब्राउनसुगर सहित २ जना पक्राउ परेका छन । नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १३ वस्ने वर्ष ४० को रहिस कवाडिया र वडा नम्बर १६ जयसपुर वस्ने वर्ष ४० को बदरुदिन जसगढलाई लागुऔषध सहित लागु औषध नियन्त्रण ब्युरो र जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको संयुक्त प्रहरी टोलिले पक्राउ गरेको हो । प्रहरीले रहिस कवाडियाको साथबाट ९६ ग्राम ४९० मिलि ग्राम ब्राउन सुगर फेला पारी बदरुदिन जसगढ सहित दुबै जनालाई नियन्त्रणमा लिई कानूनी प्रक्रिया अगाडी बढाईएको जनाएको छ ।

# भारतमा अलपत्र १३ जुम्लावासीको उद्धार

■ नमस्ते समाचारदाता
जुम्ला, पुष/१४



कामको सिलसिलामा भारत गएका जुम्ला चन्दननाथ नगरपालिका-७ मिचा गाउँका १३ जना नागरिकको उद्धार गरी नेपाल पठाइएको छ । सामाजिक सञ्जालमा भारतमा अलपत्र भएको भिडियो सार्वजनिक भएपछि जुम्लाका सांसद छिरिङ ल्हामु लामा, तामाङ लामाले रु. ८० हजार नगद रकम पठाएर गाडीबाट घर फर्किने वातावरण बनाएका थिए । सांसद लामाका अनुसार निर्माण व्यवसायीले काम लगाइदिने भनेर भारतमा लिएर गएका रहेछन् । तर काममा लगाइदिन्छु भन्ने मान्छे भागेपछि १३ जना नागरिक अलपत्र भएको खबर भयो । खानपिन र नेपाल फर्किन घर सम्मका लागि रकमनै पठाएर भारतबाट नेपाल फर्किन थालेका जानकारी दिइन । उनका अनुसार एक निर्माण व्यवसायीले दार्जिलिङ काममा लगाउने भन्दै लिएको तर उनीहरुलाई अरुणाञ्चल करिब चीनको सीमामा लिएर अलपत्र छोडेपछि उद्धारका लागि अपिल गरिरहेका थिए । आइतबार उनीहरु त्यहाँबाट नेपाल फर्किएका छन् । स्थानीय रामचन्द्र नेपालीका अनुसार चन्दननाथ-७ मिचा गाउँका कलिमान सार्की, हरि कामी, दत्त सार्की, रत्न सार्की, रमेश सार्की सहितका एक दर्जन व्यक्ति नेपालगञ्जबाट एक जना व्यक्तिले काम गर्न भनेर त्यहाँ लिएको र अलपत्र परेका थिए । सांसद लामासँग कुरा भएपछि रु. ८० हजार सहयोग भएर नेपाल आउँदै गरेको र घटनाको विस्तृत जानकारी लिन प्रयास गरिरहेको जानकारी दिए । उनीहरु सोमबार मात्रै काकडभिट्टा आइपुग्ने बताइएको छ । अलपत्र नागरिकलाई उद्धार गरेको भन्दै स्थानीय र आफन्तले खुशी व्यक्त गरेका छन् । उनीहरुले नगद पैसा नै दिएर सहयोग गर्ने सांसद लामालाई धन्यवाद गरिरहेका छन् । सांसद लामाले मध्यरात सम्पर्क गरेर टोलीलाई नेपाल फर्कन व्यवस्था गरेकोमा आफन्तले धन्यवाद दिएका छन् । त्यो टोलीको साथमा जुम्लाका महेशजंग शाहीले सहजीकरण गरेर नेपाल फर्किन साथ दिएका छन् । उनका अनुसार उनीहरुलाई नेपाल आउनका लागि सांसद लामाले रु. ८० हजार सहयोग गरेपछि मिचाका शैलेन्द्र केसीले रु. ४५ हजार र कर्साङ ठकुरीबाट रु. १६ हजार नेपाल आउनलाई सहयोग भएको छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबं तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# मानव–वन्यजन्तु द्वन्द्वका चुनौती र समाधानको खोजी

नमस्ते समचारदाता

बाँके, पुष/१४



बाँदर, बाघ, स्याल, र सुगा जस्ता वन्यजन्तुले ग्रामीण क्षेत्रका समुदायमा दिनदिनै समस्या सिर्जना गरिरहेका छन् । यी वन्यजन्तुहरूले घरभित्रको अन्नदेखि खेतबारीमा लगाइएको बालीसम्म सखाप पारेका घटनाले गरिब किसानको जीविकोपार्जन कठिन बनेको छ । बाँकेको राप्ती सोनारी गाउँपालिका वडा नम्बर २, कचनापुरमा वातावरणीय न्याय र जवाफदेहिताका लागि क्लब चौतारी कार्यक्रमका सहभागीहरुले आफ्ना अनुभव र समस्याहरुबारे गहिरो छलफल गरे । कार्यक्रममा बोल्दै जय दूर्गा यूवा क्लबका सदस्य विनोद मल्लले भने, ‘जंगलबाट आउने बाँदरको बथानले दिनदिनै घरभित्रका अन्न र पकाइएका खानेकुरा नष्ट गर्छ । बाँदर धपाउनका लागि सधैं कोही न कोही घरमै बस्नुपर्ने बाध्यता छ ।’ अर्की सहभागी संगीता कुमारी थारुले आफ्नो पीडा व्यक्त गर्दै भनिन्, ‘पहिले हाम्रो घरमा कुखुरा पाल्थ्यौं, तर स्यालले खोरबाटै कुखुरा तानेर लग्ने भएपछि अहिले पाल्नै छोडेका छौं ।’ यसैगरी, प्रकाश थारुले गाउँमा सुगाको आक्रामक गतिविधिले किसानलाई खेती गर्नसमेत निराश बनाएको बताए । उनले भने, ‘सुगाको बथानले मकै, तोरी र धानजस्ता अन्नबाली सखाप पार्छ । राहतका लागि बुझ्दा केही पाइँदैन । यसले गरिब किसानको जीवन झनै कठिन बनाएको छ ।’ कार्यक्रममा सहभागी कपील चौधरीले क्षतिको राहत प्रक्रियामा आउने समस्याबारे भने, ‘बाघले लगेको जनावरको फोटो प्रमाण मागिन्छ, जुन उपलब्ध गराउन असम्भव छ । राहतको प्रक्रिया झन्झटिलो भएकाले किसानहरुले निवेदन दिन मान्दैनन् ।’ सहभागी मनकामना थारुले आफ्नो कुरा राख्दै राहत प्रक्रियाका लागि आवश्यक कागजात र कार्यालय धाउँदा खर्चिलो हुने समस्या माथि ध्यानाकर्षण गराइन् । उनले भनिन्, ‘कागजात जुटाउन र कार्यालय जान जति खर्च हुन्छ, राहतको रकमले त्यसलाई पनि धान्न सक्दैन । यसले गर्दा पीडित परिवारहरुले राहतका लागि निवेदन दिनसमेत छोडेका छन् ।’ क्लब चौतारी कार्यक्रमले युवाहरुलाई आफ्ना अधिकार र चुनौतीबारे सचेत बनाउँदै समाधानका उपायहरु खोज्न प्रेरित गर्‍यो । सहभागीहरुले राहत प्रक्रिया सरल बनाउनुपर्ने र स्थानीय निकायले प्रत्यक्ष निरीक्षणको आधारमा राहत दिनुपर्ने सुझाव दिए । कार्यक्रममा उठेका मुद्दाहरुलाई समेट्दै सहजकर्ता प्रकाश उपाध्यायले भने, “यस कार्यक्रमले युवाहरुलाई समस्या समाधानका लागि नेतृत्वदायी भूमिका खेल्न उत्प्रेरित गरेको छ ।” सामूहिक प्रयास र दीर्घकालीन समाधानको पहलले वन्यजन्तु प्रभावित समुदायलाई सहयोग गर्ने आशा गरिएको छ । युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रम अन्तर्गत ‘वातावरणीय न्याय र जवाफदेहिताका लागि सीमान्तकृत समुदायको सबलीकरण अभियान’ को गतिविधीका रुपमा क्लब चौतारी गरिएको समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले जनाएको छ । कार्यक्रममा २६ जनाको सहभागीता रहेको थियो । यो अभियान बर्दियाको मधुवन नगरपालिकाको वडा नम्बर २ र बाँकेको राप्ती सोनारी गाउँपालिका वडा नम्बर २ मा सञ्चालित छ ।

# खाँडाचक्रमा १ सय ८६ क्षयरोगीको पहिचान



नमस्ते समचारदाता

कालीकोट, पुष/१४

कालीकोटको खाँडाचक्र नगरपालिकामा १ सय ८६ जना क्षयरोगीको पहिचान भएको छ । यहाँ सञ्चालित स्वास्थ्य शिविरबाट ती रोगी फेला परेका हुन् । पुस १० देखि १२ गतेसम्म सञ्चालित निःशुल्क शिविरमा ६ सय ८ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । १५ वर्षदेखि माथिका नागरिकको स्वास्थ्य परीक्षण गर्दा क्षयरोगको लक्षण भएका भेटिएपछि थप नमुना परीक्षण गर्न थालिएको छ । खाँडाचक्र नगरपालिका स्वास्थ्य शाखा प्रमुख रवीन्द्र सेजुवालले नगरपालिकाको आयोजना, स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतको समन्वय र स्वास्थ्य सेवा कार्यालय कालीकोट, सेभःद चिल्ड्रेन, किड्स नेपालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको बताए । प्रमुख सेजुवालले नगरका वडा १, २, ५, ६, ७, ८, ९ र १० वडामा क्षयरोगसम्बन्धी निःशुल्क जाँच शिविरमा अत्याधुनिक प्रविधिको प्रयोग भएको बताए । उनले सबैको छातीको एक्सरे गरेको र शङ्कास्पद देखिएका १ सय ८६ जनाको नमुना सङ्कलन गरी जिल्ला अस्पताल कालीकोटमा ल्याब परीक्षण भइरहेको बताए । निःशुल्क शिविर सञ्चालन हुँदा नागरिकले राम्रो सेवा पाएको प्रमुख सेजुवालको भनाइ छ । स्वास्थ्य परीक्षणबाट छुटेका वडा ३, ४ र ११ का नागरिकलाई पनि स्रोत व्यवस्थापन गरेर शिविर सञ्चालन गरिने नगरपालिका प्रतिनिधिहरुको भनाइ छ । गाउँमै विभिन्न स्वास्थ्य समस्याको परीक्षण गर्न पाउँदा नागरिक पनि उत्साहित भएका छन् । खाँडाचक्र नगरपालिका वडा ६ का मीनबहादुर शाहीले आफू ६९ वर्षको हुँदासम्म राज्यबाट निःशुल्क सेवा नपाएको तर यसपालिका आफू लगायत सबैको निःशुल्क स्वास्थ्य परीक्षण गर्न पाउँदा खुशी लागेको बताए । शिविरमा क्षयरोगसँगै छाती सम्बन्धी अन्य समस्याको पनि परीक्षण गरिएको चिकित्सकको भनाइ छ । नेपाललाई क्षयरोगमुक्त बनाउन सरकारी तथा अन्य गैर सरकारी संस्थाबाट विभिन्न कार्यक्रम हुँदैआएका छन् ।





नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके